सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३२० ♦ २०८३ साल साउन २५ सोमवार ♦ 10 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९




तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# ट्रमा सेन्टर सार्ने निर्णयविरुद्ध ढल्केबरमा मशाल जुलुस, सोमबार पूर्व-पश्चिम राजमार्ग बन्दको घोषणा





**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, ढल्केवर**

वर्षौंदेखि प्रक्रिया अघि बढेको धनुषाको मिथिला नगरपालिका-ढल्केबरको ट्रमा सेन्टर अन्यत्र सार्ने चर्चा चलेपछि ढल्केबरका स्थानीय आन्दोलन उत्रेका छन्। प्रस्तावित स्थानमै ट्रमा सेन्टर निर्माण हुनुपर्ने माग गर्दै स्थानीयवासी, जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधिले आइतवार साँझ मसाल जुलुस प्रदर्शन गरेका हुन्।

ट्रमा सेन्टर संरक्षण सङ्घर्ष समितिको आह्वानमा निकालिएको मसाल जुलुसमा मिथिला नगरपालिकाका जनप्रतिनिधि, स्थानीयवासी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा नागरिक समाजका अगुवाको सहभागिता थियो। ढल्केबर बजारबाट निकालिएको जुलुस बजार क्षेत्र परिक्रमा गरी कोणसभामा परिणत भएको थियो।

जुलुसमा सहभागीले ढल्केबरमै ट्रमा सेन्टर निर्माण गर्नुपर्ने, प्रस्तावित आयोजना अन्यत्र सार्न नहुने लगायतका माग राख्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए। लामो समयदेखि प्रक्रिया अघि बढिसकेको आयोजना अन्यत्र सार्ने प्रयास भएको भन्दै उनीहरूले निर्णय सच्याउन सरकारसँग माग गरेका छन्।

सङ्घर्ष समितिका संयोजक तथा मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले ढल्केबरमा ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गाको प्रक्रिया पूरा भइसकेको अवस्थामा आयोजना अन्यत्र सार्ने विषय स्वीकार्य नहुने बताउनुभयो। उहाँका अनुसार ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापनदेखि बजेट विनियोजनसम्मका प्रक्रिया अघि बढिसकेका छन्।

उहाँले भन्नुभयो, "ढल्केबरमा ट्रमा सेन्टर निर्माण गर्ने विषयमा सरकारले वर्षौंदेखि प्रक्रिया अघि बढाएको छ। जग्गा प्राप्तिको काम पूरा भइसकेको छ। यस्तो

*बाँकी पृष्ठ ३ मा*

# नेपाल-भारत सीमा अनुगमनमा धनुषा प्रशासन



**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, जनकपुरधाम**

धनुषा जिल्लाभित्र पर्ने नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा अवस्था तथा सीमा व्यवस्थापनबारे जिल्ला सुरक्षा समितिले अनुगमन गरेको छ। जिल्लाका विभिन्न सीमा नाका तथा सीमावर्ती क्षेत्रमा पुगेर सुरक्षा अवस्था, आवतजावत, सीमा स्तम्भको अवस्था र स्थानीयस्तरमा देखिएका समस्या बारे जानकारी लिइएको हो।

अनुगमनका क्रममा सीमा क्षेत्रमा तैनाथ सुरक्षाकर्मीको अवस्था, नियमित गस्ती, सीमावर्ती क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण तथा नेपाल-भारत सीमाबाट हुने आवतजावतलाई व्यवस्थित बनाउने विषयमा समेत छलफल गरिएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सीमा क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै सुरक्षा निकायबीच थप प्रभावकारी समन्वय आवश्यक रहेको बताए।

उनले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि, चोरी तस्करी तथा गैरकानुनी

*बाँकी पृष्ठ ३ मा*



# काठमाडौँमा लुटपाट गर्ने बर्दिबासका एकसहित ४ जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, बर्दिवास**

काठमाडौँको वनस्थली क्षेत्रमा नगद तथा मोबाइल लुटपाट गर्ने कार्यमा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी वृत्त बालाजुबाट खटिएको खोजतलास टोलीले गत साउन २२ गते नयाँ बसपार्कस्थित एक गेस्ट हाउसको कोठाबाट उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

पक्राउ पर्नेहरूमा उदयपुरको उदयपुरगढी गाउँपालिका-५ घर भई हाल नयाँ बसपार्क बस्ने ३१ वर्षीय चुरन मगर, शुक्लागण्डकी नगरपालिका-५, तनहुँ घर भई गोंगबु बस्ने ३३ वर्षीय राज कुमार गुरुङ, महोत्तरीको बर्दिवास नगर पालिका-३ घर भई नयाँ बसपार्क बस्ने ३३ वर्षीय प्रशान्त जंग शाही र रामेछापको रामेछाप नगरपालिका-५ ३१ वर्षीय विजय बाबु घिसिङ रहेका छन् ।

उनीहरूको साथबाट प्रहरीले ७ थान मोबाइल, ५७ हजार ९६ रुपैयाँ नगद, २ थान ताल्चा र १ थान ह्याक्सो ब्लेडसमेत बरामद गरेको छ ।

साउन २२ गते दिउँसो वनस्थली क्षेत्रमा लुटपाट गरी फरार भएका उनीहरूलाई घटनाको केही समयभित्रै प्रहरीले पक्राउ गर्न सफल भएको हो ।

पक्राउ परेका चारै जनामाथि जिल्ला अदालत काठमाडौँबाट ५ दिनको म्याद थप अनुमति लिई प्रहरीले थप अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दान बहादुर थापाले जानकारी दिएका छन् ।

# बोलबम श्रद्धालु सवार ट्याक्टर दुर्घटना हुँदा १५ जना घाइते

**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, बर्दिवास**

पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको कर्जन्हा नगरपालिका-२ बन्दीपुरमा आइतबार साँझ बोलबम श्रद्धालु सवार ट्याक्टर दुर्घटना हुँदा १५ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

कर्जन्हास्थित उत्तरबाहिनी मन्दिर तर्फबाट बन्दीपुरस्थित महेन्द्र राजमार्गतर्फ आउँदै गरेको बोलबम श्रद्धालु भक्तजन सवार ज१त ४८०८ नम्बरको ट्याक्टर साँझ ८:०० बजेतिर स्कुल गेटअगाडिको उकालोमा अनियन्त्रित भई पल्टिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक र मेशबहादुर पालले जानकारी दिए ।

दुर्घटनामा परी धनुषाको जनकपुरधाम उपमहानगर पालिका-१५ रामपुर टोल निवासी १३ वर्षीय अनुराग मण्डल, सोही ठाउँका १७ वर्षीय कृष्णा मण्डल, ४० वर्षीया गङ्गिया मण्डल, १८ वर्षीय राहुल दास, १३ वर्षीय प्रिन्स दास, १८ वर्षीय गोपाल यादव घाइते भएका छन् । यस्तै, ३३ वर्षीया मोनाकुमारी मण्डल, ५० वर्षीया चन्द्रकुमारी दास, ६० वर्षीय रामदुलारी दास, ४४ वर्षीया र ामकुमारी दास, १७ वर्षीय पन्चा मण्डल, १७ वर्षीय आशिषकुमार यादव, १२ वर्षीया बिकी मण्डल, बिनाकुमारी मण्डल र १३ वर्षीय कृष्णाकुमार यादव घाइते भएको प्रहरी नायब उपरीक्षक पालले बताए ।

उनका अनुसार घाइतेमध्ये अनुराग मण्डलको अवस्था गम्भीर छ । घाइते सबैलाई तत्काल उद्धार गरी उपचारका लागि फूलकुमारी महतो मेमोरियल अस्पताल कर्जन्हा पठाइएको प्रहरीले जनाएको छ । घटनापश्चात ट्याक्टर चालक फरार रहेकाले खोजी भइरहेको छ ।

# धनुषामा ब्राउन सुगरजस्तो पदार्थसहित एक जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, बर्दिवास**

धनुषामा प्रहरीले ब्राउन सुगर जस्तो देखिने लिसाइलो पदार्थसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जनकपुरधाम उपमहानगरपालिकाबाट शङ्कास्पद पदार्थसहित एक जनालाई नियन्त्रणमा लिइएको हो ।

पक्राउ परेका व्यक्तिको साथबाट प्लास्टिकसहित १ दशमलव ६५ ग्राम र प्लास्टिक हटाउँदा १ दशमलव ०६ ग्राम तौल भएको पदार्थ बरामद भएको प्रहरीले जनाएको छ ।

बरामद पदार्थ प्रारम्भिक रूपमा ब्राउन सुगरजस्तो देखिए पनि यसको वास्तविक प्रकृति पुष्टि गर्न आवश्यक परीक्षण तथा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




घटनाबारे थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीले लागुऔषध नियन्त्रणका लागि निगरानी तथा कारबाहीलाई निरन्तरता दिइरहेको जनाएको छ ।

**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

**स्वास्थ्य कार्यालय धनुषा, जनकपुरधाम**

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**स्वास्थ्य निर्देशनालय सपही**
धनुषा,मधेश प्रदेश

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केवल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ट्रमा सेन्टर सार्ने निर्णयविरुद्ध ढल्केबरमा...............

अवस्थामा आयोजना अन्यत्र सार्ने कुरा स्थानीयका लागि स्वीकार्य हुँदैन।”

सङ्घर्ष समितिका अनुसार मिथिला नगरपालिका-७, साविक ढल्केबर गाविस-२ ‘क’ स्थित कित्ता नम्बर १६९ को करिब चार बिघा ऐलानी जग्गालाई आधार बनाएर सङ्घीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा पहिलो पटक ट्रमा सेन्टर निर्माणका लागि बजेट विनियोजन गरेको थियो। सोही आधारमा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढाइएको थियो।

ट्रमा सेन्टरका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेको र लालपुर्जासमेत तयार भइसकेको नगरप्रमुख महतोको भनाइ छ। पूर्व-पश्चिम राजमार्गसँग जोडिएको ढल्केबर दुर्घटनाको जोखिमका दृष्टिले संवेदनशील क्षेत्र भएकाले यहाँ ट्रमा सेन्टरको आवश्यकता रहेको स्थानीयको तर्क छ।

पूर्व-पश्चिम राजमार्ग तथा आसपासका सडकमा हुने दुर्घटनाका घाइतेलाई तत्काल उपचार उपलब्ध गराउन ढल्केबरमा ट्रमा सेन्टर स्थापना महत्वपूर्ण हुने स्थानीयवासीको भनाइ छ। अहिले गम्भीर प्रकृतिका घाइतेलाई थप उपचारका लागि जनकपुरधाम, विराटनगर, काठमाडौँलगायतका स्थानमा पठाउनुपर्ने अवस्था रहेको उनीहरूको दाबी छ।

ढल्केबरमा ट्रमा सेन्टर निर्माण भए धनुषाको उत्तरी क्षेत्रसँगै महोत्तरी, सिरहा, सिन्धुली र आसपासका क्षेत्रका दुर्घटनाका घाइतेले समेत तत्काल उपचार सेवा पाउने स्थानीयको अपेक्षा छ। त्यसैले प्रस्तावित स्थान परिवर्तन गर्ने कुनै पनि निर्णयले स्थानीय स्वास्थ्य सेवाको पहुँचमा प्रत्यक्ष असर पार्ने उनीहरूको भनाइ छ।

यसैबीच ट्रमा सेन्टर ढल्केबरबाट अन्यत्र सार्ने विषयमा सरकारको धारणा अस्पष्ट रहेको भन्दै स्थानीयस्तरमा असन्तुष्टि बढेको हो। गत बुधबार संसद्मा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले लहानमा ट्रमा सेन्टर निर्माण हुने जानकारी गराएपछि ढल्केबरमा विरोध सुरु भएको सङ्घर्ष समितिले जनाएको छ।

मन्त्रीको उक्त अभिव्यक्तिपछि स्थानीयवासीले ढल्केबरका लागि स्वीकृत भनिएको ट्रमा सेन्टर अन्यत्र सार्न लागिएको आशङ्का गरेका थिए। त्यसपछि सङ्घर्ष समितिले चरणबद्ध आन्दोलन घोषणा गरेको हो।

आन्दोलनका कार्यक्रमअन्तर्गत सोमवार ढल्केबरमा पूर्व-पश्चिम राजमार्ग आधा घण्टा चक्काजाम गर्ने समितिले जनाएको छ। त्यसैगरी साउन २६ गते बिहान ११ बजेदेखि दिउँसो १२ बजेसम्म र साउन २७ गते बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म राजमार्गमा चक्काजाम गर्ने कार्यक्रम तय गरिएको नगरप्रमुख महतोले जानकारी दिनुभयो।

समितिले सरकारबाट ढल्केबरमै ट्रमा सेन्टर निर्माण हुने आधिकारिक प्रतिबद्धता नआएसम्म आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। स्थानीयवासीले आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी समेत दिएका छन्।

तर, यसबीच स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत ढल्केबरमा ट्रमा सेन्टर निर्माण गर्ने सरकारको योजना यथावत् रहेको स्पष्ट पार्नुभएको छ। उहाँले ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्ने निर्णय नभएको आशयको स्पष्टीकरण दिनुभएको हो।

मन्त्रीको पछिल्लो स्पष्टीकरणपछि ट्रमा सेन्टर अन्यत्र सार्ने विषयमा देखिएको अन्योल केही हदसम्म हट्ने अपेक्षा गरिए पनि स्थानीयवासी भने अझै विश्वस्त हुन सकेका छैनन्। उनीहरूले सामाजिक सञ्जालमा गरिएको स्पष्टीकरणभन्दा सरकारको औपचारिक निर्णय, बजेट तथा निर्माण प्रक्रियाबारे स्पष्ट जानकारी सार्वजनिक गर्न माग गरेका छन्।

नगरप्रमुख महतोले पनि सरकारको पछिल्लो भनाइ सकारात्मक भए पनि ढल्केबरमा ट्रमा सेन्टर निर्माणको प्रक्रिया कहाँ पुगेको छ भन्नेबारे स्पष्ट कार्ययोजना सार्वजनिक गर्नुपर्ने बताउनुभयो। उहाँले निर्माणस्थल, बजेट, ठेक्का प्रक्रिया तथा निर्माणको समयसीमासहितको आधिकारिक जानकारी स्थानीय तह र सरोकारवालालाई दिनुपर्ने माग गर्नुभयो।

ढल्केबरमा ट्रमा सेन्टर निर्माणको विषय अहिले स्थानीय स्वास्थ्य सेवाको मागसँगै राजनीतिक र सामाजिक सरोकारको विषयसमेत बनेको छ। आयोजना अन्यत्र सार्ने आशङ्कामा स्थानीय राजनीतिक दल र जनप्रतिनिधिसमेत आन्दोलनमा सहभागी भएका छन्।

स्थानीयवासीले वर्षौंदेखि अघि बढाइएको योजना अलपत्र पार्न नहुने भन्दै ढल्केबरमै ट्रमा सेन्टर निर्माणको काम तत्काल अघि बढाउन माग गरेका छन्। सरकारले आफ्नो योजना यथावत् रहेको स्पष्ट पारे पनि त्यसलाई व्यवहारमा कार्यान्वयन गर्दै निर्माण प्रक्रिया अघि बढाउनुपर्ने उनीहरूको जोड छ।

ट्रमा सेन्टर निर्माणको विषयमा देखिएको विवाद समाधान गर्न सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र स्थानीय सरोकारवालाबीच तत्काल संवाद आवश्यक देखिएको छ। सरकारको आधिकारिक निर्णय र निर्माण प्रक्रियाबारे स्पष्टता नआए आन्दोलन थप चर्किन सक्ने सङ्घर्ष समितिले जनाएको छ।

# नेपाल-भारत सीमा..........

आवतजावत नियन्त्रण गर्न सुरक्षा निगरानीलाई निरन्तरता दिइने बताउँदै सीमावर्ती नागरिकलाई समेत सुरक्षा निकायसँग सहकार्य गर्न आग्रह गरे ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलका अनुसार सीमा सुरक्षा सुरक्षाकर्मीको जिम्मेवारी मात्र नभई सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको सहयोग र समन्वयबाट अझ प्रभावकारी बनाउन सकिन्छ । उनले सीमा क्षेत्रमा देखिएका समस्या पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गरेर समाधानको पहल गरिने पनि बताए ।

जिल्ला सुरक्षा समितिको अनुगमनले सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक निर्देशन दिनुका साथै सीमा सुरक्षा र व्यवस्थापनलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । साथै, आगामी दिनमा पनि सीमा क्षेत्रमा नियमित अनुगमन तथा सुरक्षा निगरानीलाई निरन्तरता दिने प्रशासनले जनाएको छ ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

**शिरीष संचार समुह गौशालाको प्रस्तुति**

Radio Rupantaran
परिवर्तनकालागि

हाम्रा सेवाहरू

शिरीष अफसेट प्रेस — छपाईको समग्र कामकाज
रेडियो रूपान्तरण १०७.३ मेगाहर्ज — सुचना र मनोरञ्जन
खबर दर्पण राष्ट्रिय दैनिक पत्रिका — सामयिक समाचार र विचार
रूपान्तरण अनलाइन — ताजा समाचार पोर्टल
शिरीष न्युज अनलाइन — द्रुत र विश्वसनीय समाचार

(सुचना, संचार र छपाईको समग्र कामकाजहरू अब गौशालाको एउटै मिडिया हाउसमा)

सम्पर्क गर्नुहोस :
शिरीष संचार समुहको कार्यालय घैला बजार, समीर गेष्ट हाउसको भवनमा गौशालाबजार (महोत्तरी)
०४४-५५६१८८, ९८४४०२५१८४, ९८०४८२६१८६, ९८४४०३१८५६

# महोत्तरीमा ग्यास लुकाएर बिक्री गर्ने डिलरमाथि कडा निगरानी

**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, बर्दिवास**

महोत्तरीमा ग्यासको कृत्रिम अभाव सिर्जना गरी लुकाएर बिक्री गर्ने तथा पहुँचका आधारमा वितरण गर्ने व्यवसायीमाथि प्रशासनले कडा निगरानी र कारबाही गर्ने चेतावनी दिएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले आइतबार सूचना जारी गर्दै जिल्लाभित्र विभिन्न ब्रान्डका ग्यास सिलिन्डर बिक्री-वितरण गर्ने डिपो, पसल तथा व्यवसायीले कानूनविपरीतका गतिविधि गरिरहेको गुनासो प्राप्त भएको जनाएको छ।

प्रशासनका अनुसार उद्योग तथा डिलरबाट ग्यास ल्याएर लुकाइछिपाई आफू निकटका व्यक्ति, होटल, व्यवसायी तथा ग्राहकलाई मात्र बिक्री गर्ने, नियमित ग्राहकको माग बेवास्ता गर्ने, बिक्री बिल नदिने तथा बिल-बिजक नराख्ने जस्ता गतिविधिबारे गुनासो आएको छ।

त्यसैगरी, ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले सिलिन्डर भण्डारण गरी लुकाएर राख्ने तथा दर्ता र अनुमति नभएका विक्रेतालाई समेत डिस्ट्रीब्युटरले ग्यास उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको जनाएको छ।

यस्ता गतिविधि नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयसहित अधिकारप्राप्त अन्य निकायले ग्यास डिपो, पसल, फर्म तथा कम्पनीको नियमित अनुगमन गरिरहेको प्रशासनले जनाएको छ।

ग्यासको बिक्री वितरणमा हुने अनियमितता नियन्त्रण गर्न प्रशासनले सूक्ष्म निगरानीसमेत बढाएको छ। त्यसका लागि सादा पोशाकमा सुरक्षाकर्मी परिचालन गरी बजारको अवस्था र ग्यास वितरण प्रणालीबारे जानकारी संकलन तथा प्रतिवेदन तयार गर्ने व्यवस्था गरिएको प्रशासनले जनाएको छ।

प्रशासनले ग्यास बिक्री गर्दा पहुँच र चिनजानका आधारमा प्राथमिकता दिने, सर्वसाधारण उपभोक्तालाई ग्यास नदिने, सिलिन्डर लुकाएर राख्ने वा कृत्रिम अभाव सिर्जना गर्ने कार्य कानूनविपरीत हुने स्पष्ट पारेको छ।

यस्ता कार्यमा संलग्न डिपो, पसल तथा व्यवसायीमाथि प्रचलित कानूनअनुसार कडा कारबाही गरिने र लुकाएर राखिएका ग्यास सिलिन्डरसमेत जफत गरिने चेतावनी प्रशासनले दिएको छ।

प्रशासनले ग्यास व्यवसायीलाई उद्योग तथा डिलरबाट प्राप्त सिलिन्डर पारदर्शी रूपमा बिक्री वितरण गर्न निर्देशन दिएको छ। बिक्री गर्दा अनिवार्य रूपमा बिल बिजक उपलब्ध गराउन तथा अभिलेख व्यवस्थित



राख्नसमेत भनिएको छ।

महोत्तरीमा पछिल्लो समय ग्यासको आपूर्ति र वितरणलाई लिएर उपभोक्ताबाट गुनासो बढिरहेका बेला प्रशासनले यस्तो चेतावनी दिएको हो।

जिल्ला प्रशासन कार्यालयले उपभोक्ताको सहज पहुँच सुनिश्चित गर्न ग्यासको बिक्री वितरणमा पारदर्शिता कायम गर्नुपर्नेमा जोड दिएको छ। साथै, कानूनविपरीत कार्य गर्ने व्यवसायीमाथि निगरानी र कारबाहीलाई आगामी दिनमा थप प्रभावकारी बनाउने जनाएको छ।

# धनुषाको सुधार केन्द्रमा एक व्यक्तिको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन २४ गते, ढल्केवर**

धनुषाको सुधार केन्द्रमा एक व्यक्तिको मृत्यु भएपछि आफन्त प्रदर्शनमा उत्रिएका छन्।

धनुषाधाम नगरपालिका-९ स्थित शुभेच्छा फाउन्डेसन सुधार केन्द्रमा शनिबार (साउन २३) साँझ गणेशमान चारनाथ नगरपालिका-४ का ४० वर्षीय मजिबुल राइनको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी मधुसूदन न्यौपानेले घटना शंकास्पद देखिएको जानकारी दिए। अस्पताल लैजाँदा राइनको मृत्यु भइसकेको थियो। मृत्युबारे पोस्टमार्टमबाट थप स्पष्ट हुने उनले बताए।

परिवारको उपस्थितिबिना मुचुल्का गरिएको भन्दै आफन्तले राति सडक अवरुद्ध गरी प्रदर्शन गरेका थिए। त्यसपछि आइतबार छलफल हुने, आरोपितमाथि जाहेरी दिने र मुचुल्का पुनः गरिने सहमति भएको उनले बताए।

राइनमाथि कुटपिट गरिएका कारण मृत्यु भएको आफन्तको आरोप छ।


## भू-संरक्षणमा ध्यान दिऔं

❖ भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
❖ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
❖ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
❖ बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
❖ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
❖ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
❖ भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**

## स्वच्छ शहरः स्वस्थ्य शहर

❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
❖ सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

❖ उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
❖ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
❖ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
❖ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
❖ वस्तुको अधिकतम् बिक्री मूल्य,
❖ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
❖ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
❖ कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
❖ शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

❖ आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
❖ कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
❖ स्थानीय उत्पादनलाई बजारसम्म पुर्याउन बजार संयन्त्रको विकास गरौं,
❖ कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
❖ जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
❖ कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
❖ नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,